**साउदी अरबमा आवास अनुमति पद्दति (Iqama System) तथा श्रम सम्बन्धी नियम अबज्ञा/उल्लंघन गर्ने तथा सो कार्य गर्न सघाउने व्यक्तिलाई देहाय बमोजिमको दण्ड/सजायं हुने व्यवस्था गरिएको जानकारी गराउंदै सो व्यहोरा सम्बन्धित सबैलाई अवगत गराई दिन भनी साउदी अरबको परराष्ट्र मन्त्रालय मार्फत यस राजदूतावासमा अनुरोध भइआएकोले उक्त व्यहोरा साउदी अरबमा बिभिन्न पेशा, व्यवसाय तथा रोजगारी गरी वस्नु भएका सम्पूर्ण नेपालीहरुको जानकारीको लागि सूचना गरिएको छः**

| क्र.सं. | अबज्ञा/उल्लंघनको किसिम/प्रकृति | पहिलो पटक अबज्ञा/उल्लंघन गरेमा हुने सजाय | दोस्रो पटक अबज्ञा/उल्लंघन गरेमा हुने सजाय | तेस्रो पटक अबज्ञा/उल्लंघन गरेमा हुने सजाय |
|---|---|---|---|---|
| १. | इकामामा उल्लेख भएको काम नगर्ने तथा आफ्नो वा प्रायोजक (sponsor) को व्यक्तिगत फाइदाको लागि काम गर्ने व्यक्ति | • १०,००० साउदी रियाल जरिवाना<br>• देश निकाला (Deportation) | • २५,००० साउदी रियाल जरिवाना<br>• एक महिना कैद<br>• देश निकाला | • ५०,००० साउदी रियाल जरिवाना<br>• २-६ महिना कैद<br>• देश निकाला |
| २. | विभिन्न किसिमका भिषामा साउदी अरब आएर भिसा अबधि भित्रै या निर्धारित समयमा फिर्ता (Exit) नगएका व्यक्ति | • १५,००० साउदी रियाल जरिवाना<br>• देश निकाला (Deportation) | • २५,००० साउदी रियाल जरिवाना<br>• तीन महिना कैद<br>• देश निकाला | • ५०,००० साउदी रियाल जरिवाना<br>• ६ महिना कैद<br>• देश निकाला |
| ३. | अन्य देशहरुबाट अवैधानिक तवरले साउदी अरब प्रवेश गरी पक्राउ पर्नेहरु | • १५,००० साउदी रियाल जरिवाना<br>• एक महिना कैद<br>• देश निकाला | • २५,००० साउदी रियाल जरिवाना<br>• तीन महिना कैद<br>• देश निकाला | • १,००,००० साउदी रियाल जरिवाना<br>• ६ महिना कैद<br>• देश निकाला |
| ४. | अबैधानिक तवरले मानिसलाई साउदी | • २५,००० साउदी | • ५०,००० साउदी रियाल | • १,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | अरब भित्र्याउने, त्यस्ता ब्यक्तिहरुलाई काममा लगाउने, आश्रय दिने, गुप्तचरको रुपमा प्रयोग गर्ने, अथवा त्यस्ता ब्यक्तिहरुलाई अन्य कुनै किसिमले सहयोग गर्ने जोसुकै | रियाल जरिवाना<br>• ६ महिना कैद<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• त्यस्ता व्यक्तिलाई सार्बजनिक रुपमा बहिष्करण<br>• त्यस्ता ब्यक्तिहरु तथा उक्त कार्यमा सहयोग गर्ने जोसुकैले प्रयोग गरेको सवारी साधन अदालती प्रक्रिया मार्फत जफत | जरिवाना<br>• एक बर्ष कैद<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• त्यस्ता व्यक्तिलाई सार्बजनिक रुपमा बहिष्करण<br>• त्यस्ता ब्यक्तिहरु तथा उक्त कार्यमा सहयोग गर्ने जोसुकैले प्रयोग गरेको सवारी साधन अदालती प्रक्रिया मार्फत जफत | साउदी रियाल जरिवाना<br>• दुई बर्ष कैद<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• त्यस्ता व्यक्तिलाई सार्बजनिक रुपमा बहिष्करण<br>• त्यस्ता ब्यक्तिहरु तथा उक्त कार्यमा सहयोग गर्ने जोसुकैले प्रयोग गरेको सवारी साधन अदालती प्रक्रिया मार्फत जफत |
| ५. | साउदी अरबको कानून अबज्ञा तथा उल्लंघन गर्ने ब्यक्तिहरुलाई ओसारपसार गर्ने, काममा लगाउने, आश्रय दिने, गुप्तचरको रुपमा लगाउने, अथवा त्यस्ता ब्यक्तिहरुलाई अन्य कुनै किसिमले सहयोग गर्ने जोसुकै | • १५,००० साउदी रियाल जरिवाना<br>• साउदी अरबमा नव आगन्तुक भएको हकमा देश निकाला | • ३०,००० साउदी रियाल जरिवाना<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• तीन महिना कैद | • १,००,००० साउदी रियाल जरिवाना<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• ६ महिना कैद |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ६. | आफ्ना कामदारहरुलाई आफूखुसी काम गर्न अनुमति दिने अथवा अरुको लागि काम गर्न दिने रोजगारदाता | • १५,००० साउदी रियाल जरिवाना<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• कम्तिमा १ बर्ष कामदारहरु नियुक्त गर्न रोजगारदातालाई बन्देज | • ३०,००० साउदी रियाल जरिवाना<br>• साउदी अरबमा नव आगन्तुक भएको हकमा देश निकाला<br>• तीन महिना कैद<br>• कम्तिमा २ बर्ष कामदारहरु नियुक्त गर्न रोजगारदातालाई बन्देज | • १,००,००० साउदी रियाल जरिवाना<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• ६ महिना कैद<br>• कम्तिमा ५ बर्ष कामदारहरु नियुक्त गर्न रोजगारदातालाई बन्देज |
| ७. | भिसा अबधि सकिनु अगावै नवीकरण नगर्ने या भिसा अबधिमा नै साउदी अरब प्रबेश नगर्ने या फिर्ता (Exit) नजाने जोसुकै | • १५,००० साउदी रियाल जरिवाना<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला | • २५,००० साउदी रियाल जरिवाना<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• तीन महिना कैद | • ५०,००० साउदी रियाल जरिवाना<br>• अन्य देशको नागरिक भएको हकमा देश निकाला<br>• ६ महिना कैद |
| ८. | तिर्थयात्राका लागि साउदी अरब ल्याएर तोकिएको समयमै आफ्नो देश नफर्काउने या फर्काउन ढिलाई गर्ने हज तथा उमराव कम्पनीहरु | • २५,००० साउदी रियाल जरिवाना | • ५०,००० साउदी रियाल जरिवाना | • १,००,००० साउदी रियाल जरिवाना |

| | | | | |
|---|---|---|---|---|
| ९. | अबैधानिक तरिकाले साउदी अरब प्रवेश गरेका व्यक्तिहरुलाई काममा लगाउने कम्पनीहरु | • ५०,००० साउदी रियाल जरिवाना<br>• कम्तिमा १ बर्ष कामदारहरु नियुक्त गर्न रोजगारदातालाई बन्देज<br>• प्रबन्धकलाई ६ महिना कैद सहित अन्य देशको नागरिक भएको हकमा देश निकाला | • ७५,००० साउदी रियाल जरिवाना<br>• कम्तिमा २ बर्ष कामदारहरु नियुक्त गर्न रोजगारदातालाई बन्देज सहित_सार्बजनिक रुपमा बहिष्करण<br>• प्रबन्धकलाई १ बर्ष कैद सहित अन्य देशको नागरिक भएको हकमा देश निकाला | • १,००,००० साउदी रियाल जरिवाना<br>• कम्तिमा ५ बर्ष कामदारहरु नियुक्त गर्न रोजगारदातालाई बन्देज सहित सार्बजनिक रुपमा बहिष्करण<br>• प्रबन्धकलाई २ बर्ष कैद सहित अन्य देशको नागरिक भएको हकमा देश निकाला |
| १०. | आफ्ना कामदारहरुलाई आफ्नो या अरुको फाइदाको लागि काममा लगाउने या काम गर्ने अनुमति दिने कम्पनीहरु | • २५,००० साउदी रियाल जरिवाना<br>• कम्तिमा १ बर्ष कामदारहरु भर्ना गर्न रोजगारदातालाई बन्देज<br>• प्रबन्धक अन्य देशको नागरिक भएको | • ५०,००० साउदी रियाल जरिवाना<br>• कम्तिमा २ बर्ष कामदारहरु भर्ना गर्न रोजगारदातालाई बन्देज सहित सार्बजनिक रुपमा बहिष्करण<br>• प्रबन्धकलाई ६ महिना | • १,००,००० साउदी रियाल जरिवाना<br>• कम्तिमा ५ बर्ष कामदारहरु भर्ना गर्न रोजगारदातालाई बन्देज सहित |

| | | | | |
|---|---|---|---|---|
| | | हकमा देश निकाला | कैद सहित अन्य देशको नागरिक भएको हकमा देश निकाला | सार्बजनिक रुपमा बहिष्करण<br>• प्रबन्धकलाई १ बर्ष कैद सहित अन्य देशको नागरिक भएको हकमा देश निकाला |